फोन नं. ४२११९९१,४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## प्रेस विज्ञप्ति

पत्र संख्या:-
चलानी:-

सिंहदरबार, काठमाडौं
नेपाल

वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार कार्यालयबाट प्रवाह गरिने सबै सेवाहरु अनलाइन प्रणालीमा आवद्ध गरिएको व्यहोरा सबैलाई जानकारी नै छ। यी निकायहरुबाट सेवा प्राप्त गर्नको लागि स्वदेश तथा बिदेशमा रहेका सेवाग्राहीहरु विभाग वा कार्यालयमा भौतिक रुपमा उपस्थित हुन नपर्ने गरी व्यवस्था मिलाईएको छ। प्रचलित कानुन बमोजिम लाग्ने दस्तुर अनलाइन् प्रणालीबाटै भुक्तानी गर्ने व्यवस्था छ। हाल सेवाग्राहीको नाममा विचौलियाहरु कार्यस्थलमा प्रवेश गरी कर्मचारीहरुलाई कार्यसम्पादनमा असर गर्ने, विधि र प्रक्रिया नमिलेका कामहरु गर्न अनेकन दवाव दिने, प्रलोभनमा पार्न प्रयत्न गर्ने र आफ्नो निहित स्वार्थ पूरा नहुँदा कार्यालयको काम कारवाहीप्रति नकारात्मक टिप्पणी र मिडियावाजी गर्ने प्रबृतिप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार कार्यालयहरुबाट हुने सेवा प्रवाहको मन्त्रालयस्तरबाट निरन्तर प्रणालीमार्फत् तथा स्थलगतरुपमा अनुगमन भईरहेको छ। मन्त्रालयको उच्च व्यवस्थापन समूहको बैठकमा बिभागीय प्रमुखहरुसमेतको उपस्थितिमा सेवा प्रवाह र गुनासो सम्बोधन सम्बन्धमा सघनरुपमा छलफल गरी सो को निराकरण गर्ने व्यवस्था गरिएको छ। तसर्थ सेवा प्रवाह हुने निकायहरुबाट अनलाइन माध्यमबाट नै सबै प्रकारका सेवा आ-आफ्नो स्थानबाट प्राप्त गर्न सबै सेवाग्राही महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं। अनलाइनमार्फत् प्राप्त हुने सेवाको लागि भौतिक रुपमा कार्यालयमा उपस्थित भई भीडभाड गर्ने र अनावश्यक समस्या सिर्जना गर्ने काममा संलग्न नहुन तथा सेवा प्रवाहको क्रममा बिचौलिया वा अन्य कुनै व्यक्तिको प्रभावमा नपर्नु हुन र यस सम्बन्धमा कुनै गुनासो भएमा कार्यालय प्रमुख/ विभागीय प्रमुख तथा यस मन्त्रालयको कल सेन्टरको निःशुल्क फोन १६६००१५०००५, ९७७१५९७०००८, ९७७८८०१८०००१३ र इमेल callcenter@fepb.gov.np मा सम्पर्क गर्नुहुन सम्वद्ध सबैमा मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

मितिः २०७९/०७/३०

डा. थानेश्वर भुसाल
उपसचिव/सहायक प्रवक्ता